गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

Sangam®

**मिति २०८१।०२।२७ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को २० औं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** आ.व. २०८१/०८२ को लागि गैंडाकोट नगरपालिकाको राजश्व परामर्श समितिबाट सिफारिस भई आएको आर्थिक विधेयकमा समावेश गरिने राजश्व एवं करका दररेटलाई स्वीकृतीका लागि १५ औं नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** आ.व. २०८१/०८२ को लागि गैंडाकोट नगरपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट सिफारिस भई आएको संघ र प्रदेश सरकारबाट प्राप्त हुने समपुरक, विशेष र शसर्त अनुदान बाहेकका शिर्षकहरुमा नगरपालिकालाई प्राप्त हुन सक्ने रकमको प्रारम्भिक श्रोत अनुमान र नगपालिकाको प्रशासनिक,बिषयगत शाखा तथा विकास निर्माण लगायतका क्षेत्रमा खर्च गर्ने व्यय अनुमान समेतलाई स्वीकृतीका लागि १५ औं नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिकाको लागि जग्गा लिखत रजिष्ट्रेशन गर्ने प्रयोजनका लागि आ.व. २०८१/०८२ मा जग्गाको न्युनतम मूल्याङकन चालू आ.व.२०८०/०८१ को नै यथावत राखिदिन मालपोत कार्यालय, कावासोती, नवलपरासी(ब.सु.पू.) लाई लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिका वडा नं. ७ अन्तर्गत रहेको गैंडाकोट ७/क कि.नं.१९० को जग्गामा ब्रहम्माकुमारी राजयोग उपसेवा केन्द्रको भोगचलनमा रही ध्यान केन्द्र हल समेतको भवन निर्माण भै २०५४ साल देखि आफ्नो उद्वेश्य अनुरुपको कार्य सञ्चालन गर्दै आएकोमा हाल "सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९" बमोजिम संस्थाको नाममा जग्गा दर्ता गर्न नमिल्ने तर संस्थाले आफ्नो उद्वेश्य अनुरुपको भौतिक संरचना निर्माण गर्न स्वीकृत दिने निर्णय गरियो ।

**निर्णय नं. ५** गैंडाकोट नगर अस्पतालको निर्माणाधिन भवनको लागि निर्माण व्यवसायीले कार्य प्रगतिको आधारमा भुक्तानी माग गरेको, अर्थ एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट समयमा बजेट निकासा नभएको कारणले हाललाई सरकारी लेखा प्रणाली CGAS+ मा शोध भर्ना गर्ने गरी बाँकी रहेको बजेटबाट रु. २५ लाख भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६** पदाधिकारी अन्य सुविधा (आन्तरिक स्रोत) तर्फको शिर्षकमा रहेको रु. ५ लाखलाई वडा समिति बैठक सञ्चालन खर्चमा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** नगरपालिकाको फोहोर मैला व्यवस्थापनमा प्रयोग भएको ना १ ग ६९१ नम्बरको ट्रिपरको ईन्जिन तथा बडि समेत खोलि मर्मत गरिएको बिल अनुसारको रकम रु. ४,१८,४०४/- भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८** नगर शिक्षा समितिको मिति २०८१/०२/२७ को बैठकबाट निर्णय भई नगर कार्यपालिकामा प्राप्त सिफारिस बमोजिम गैंडाकोट नगरपालिका वडा नं.५ मा रहेका जनक मा.वि. र सरस्वती अधारभूत विद्यालय समायोजन गर्ने यसरी समायोजन गर्दा सरस्वती आधारभूत विद्यालयमा कम्तिमा प्रारम्भिक बालविकास कक्षा समेत सञ्चालन गर्ने र अन्य भौतिक तथा मानवीय संशाधनको परिचालन जनक मा.वि.बाट गराउने गरी भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय न. ९** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| ५ | विभिन्न बाटो ग्रावेल सि.नं.३९१ | रु.६,००,०००/- | नारायणी टोल अन्तर्गत आवास मार्ग स्तरोन्नती | रु.२,५०,०००/- |
| | | | बैकुण्ठनगर टोल अन्तर्गत गौतम मार्ग स्तरोन्नती | रु.२,५०,०००/- |
| ५ | सिग्देल मार्ग र तिवारी मार्ग स्तरोन्नती सि.नं.३९३, युवा लघु उद्यम प्रवर्धन सि.नं.३७९ र संस्कृत संरक्षण सि.नं. ३८५ बाट बाँकी रहेको बजेट | रु.१,७०,०००/- | गणेश मन्दिर टोल अन्तर्गत पृथ्वी मार्ग | रु.१,७०,०००/- |
| १५ | प्रत्येक आमा समूह, महिला दलित, जनजातिको क्षमता अभिवृद्धि तथा सिपमूलक तालिम सि.नं.५७१ को बाँकी रहेको बजेट | रु.३,००,०००/- | दूध व्यवसाय गरेका किसानलाई दूधमा अनुदान | रु.२,०५,०००/- |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख